मङ्गल बहुमुखी क्याम्पसको

आ. व. २०८२/०८३

वार्षिक प्रगति प्रतिवेदन

पेश गर्ने संस्था

मङ्गल बहुमुखी क्याम्पस

कीर्तिपुर - १०, कीर्तिपुर

स्थापना : २०६४/११/२८

पेश गर्ने ठाउँ

विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

मङ्गल बहुमुखी क्याम्पसको बार्षिक प्रगति प्रतिवेदन आ. व. २०८२/०८३

१. पृष्ठभूमी (Background)

ऐतिहासिक नगरी कीर्तिपुरका समाजसेवी, बुद्धिजीवी तथा शिक्षाविद्हरू, अभिभावक तथा शिक्षा प्रेमी महानुभावहरूको सक्रियतामा त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन लिई वि. सं. २०६४ सालमा शिक्षा शास्त्र संकाय तर्फ स्नातक तह वि. एड. तथा २०६५ सालमा व्यवस्थापन संकाय तर्फ वि. वि. एस. का कक्षाहरू सञ्चालन गरिएको थियो । काठमाडौको दक्षिण भेग लगायत देश भरका गरीव तथा जेहेन्दार विद्यार्थीहरूले शिक्षाको उज्यालो ज्योतिबाट बञ्चित हुन नपरोस् भन्ने आकांक्षाका साथ यस बहुमुखी क्याम्पसमा न्यूनतम शुल्कमा स्तरीय पठनपाठन गराउँदै जाने लक्ष्य लिएको छ । युग सुहाउँदो शैक्षिक चुनौतीको सामना गर्नका लागि सक्षम जनशक्ति तयार गर्न अघि बढिरहेको यस क्याम्पसले शैक्षिक प्रशासनिक तथा आर्थिक कृयाकलापहरूलाई व्यवस्थित तथा पारदर्शी ढंगबाट अगाडि बढाउने लक्ष्य लिएको छ। यस क्याम्पसमा स्थापना कालदेखि नै काठमाडौं उपत्यका लगायत करिव ६० भन्दा बढी जिल्लाका विद्यार्थीहरू अध्ययनरत छन् । यस क्याम्पसको विधानलाई संशोधन गरी पूर्ण सामूदायिक क्याम्पस वनाउने लक्ष्यका साथ समूदायका सरोकारवालाहरूको प्रत्यक्ष संलग्नता हुने गरी समूदायका मानिसहरूमा अपनत्व र स्थायित्व ग्रहण गर्ने समूह निर्माणको लागि आजीवन साधारण सभा सदस्य वनाउने लक्ष्य लिएर कार्यक्रम थालेको छ । हाल यस क्याम्पसमा प्राध्यापक, समाजसेवी, व्यापारी, उद्योगपति, व्यवसायी गरी २१२ जना आजीवन सदस्य रहेको छ । यस क्याम्पसलाई शैक्षिक गन्तव्य बनाउन र गुणस्तरीय शिक्षाको प्रत्याभूत गराउन विशवविद्यालय अनुदान आयोगबाट Quality Accreditation Assurance (QAA) प्राप्त गर्न Peer Review को पहिलो चरण पार गरि त्यसको पृष्ठ पोषणको प्रतिवेदन पेश गर्ने चरणमा रहेको छ । त्यस्तै आगामी वर्षदेखि त्रि. वि. बाट अनुमती प्राप्त गरी सञ्चालन गर्न त्रि. वि. शिक्षा शास्त्र संकाय डिनको कार्यालयमा र व्यवस्थापन संकाय डिनको कार्यालयमा क्रमशः एम. एड., बिबिए तथा बि.आइ.टि.एम.सञ्चालनको लागि आवेदन पेश गर्ने कार्य सुरु गरेको छ ।

२. Vision, Mission, Goals and objectives

२.१ Vision

“देशको परिवर्तित स्वरूप र समुदायमा मानव संसाधनको मागलाई ध्यानमा राख्दै, उच्च गुणस्तरीय शिक्षा प्रदान गर्ने उत्प्रेरकको रूपमा पहिचान प्राप्त गर्न र अग्रणी संस्था बन्ने ।“ ("To be recognized as a leading institution and serve as a catalyst in delivering high-quality education, keeping in mind the changing nature of the country and the demand for human resources in the community.")

२.२ **Mission**

यस क्याम्पसले मिशन रुपमा विभिन्न पृष्ठभूमिका विद्यार्थीहरूलाई ज्ञान दिनु, पेशेवर सीपहरू विकास गर्नु र मूल्यहरूको समावेशीकरण गर्नु रहेको छ, जसले विद्यार्थीहरूलाई समाजमा सेवा पुऱ्याउन अवसरहरू प्रदान गर्दछ र विद्यार्थीहरूलाई व्यक्तिगत शैक्षिक र प्रफेशनल लक्ष्यहरू प्राप्त गर्न सहयोग पुऱ्याउँछ, साथै उनीहरूको समग्र व्यक्तित्वको विकासमा सघाउँछ जसले विद्यार्थीहरूलाई एक गतिशील विश्वव्यापी वातावरणमा प्रभावकारी र सामाजिक रूपमा जिम्मेवार पेशेवरहरू बनाउँछ। (The mission is to impart knowledge, develop professional skills and inculcate values among students of diverse backgrounds to serve in society with provides opportunities for its students to achieve their personal academic and professional goals and facilitates the development of their overall personality in order for students to become effective and socially responsible professionals in a dynamic global environment.)

२.३ लक्ष्य (Goals)

यस क्याम्पसले आफ्नो लक्ष्यको रुपमा विद्यार्थीहरुलाई गुणस्तरीय उच्च शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नु र विद्यार्थीहरूलाई समाजका लागि सीप, ज्ञान र मानव मूल्यहरू मार्फत सक्षम बनाउन, जसले विद्यार्थीहरूलाई उत्कृष्ट शिक्षा प्राप्त गर्नको लागि वातावरण सिर्जना गर्दछ । (To provide opportunity of quality higher education and make students competent for society through skills, knowledge and human values that create an environment to enable students to achieve excellence education.)

२.४ उद्देश्यहरु (Objectives)

१. विद्यार्थीहरूमा सकारात्मक प्रभाव पार्ने गुणस्तरीय शिक्षा प्रदान गर्ने । (To provide quality education that will be positive impact to the students.)

२. गुणस्तरीय शिक्षा सुनिश्चित गर्नको लागि Quality Assurance Accreditation (QAA) प्रमाणपत्र प्राप्त गर्ने । (To achieve Quality Assurance Accreditation (QAA) certification to assure the quality education.)

३. आवश्यक भौतिक पूर्वाधार सुविधाहरूको व्यवस्था गर्ने । (To arrange the needful physical infrastructures facilities.)

४. विद्यार्थीहरूको सर्वाङ्गिण विकासको लागि अतिरिक्त पाठ्यक्रम गतिविधिहरूमा व्यापक रूपमा संलग्न गराउने । To engage in extracurricular activities extensively in order to foster all round development of students.

५. विद्यार्थीहरूमा अनुसन्धानको जिज्ञासा र सीप विकास गर्नको लागि उच्चस्तरीय "मङ्गल रिसर्च सेन्टर" स्थापना गर्ने । (To established highly equipped Mangal Research Center to instill research fervor and skills on students.)

६. काठमाडौँ उपत्यकाको कीर्तिपुर नगरपालिकाद्वारा सञ्चालित "एक घर एक स्नातक" अभियानलाई सार्थक बनाउने । (To support "EK GHAR EK SNATAK" campaign versioned by Kirtipur Municipality.)

७. पूर्वाधार र गुणस्तरीय शिक्षा विस्तार गर्न बाह्य स्रोतहरूको प्राप्ति गर्ने । (To receive external resources to expand the infrastructure and quality education.)

३. शैक्षिक प्रगति (Academic Progress)

यस मङ्गल बहुमुखी क्याम्पसले स्थापना कालदेखि नै यहाँ अध्ययनरत छात्र छात्राहरूको गुणस्तरीय शिक्षाको लागि व्यवस्थापन समिति एवं प्राध्यापकहरू निरन्तर लागिरहेको छ । यसैको फलस्वरूप विगतको समयमा भन्दा विद्यार्थी संख्यामा क्रमिकरूपमा सुधार एवं बृद्धि भइरहेको देखिन्छ । अझ गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न QAA को लागि आवश्यक सबै तयारीहरू गर्दै आइरहेको छ ।

३.१ चार वर्षे वि.एड. तर्फ पछिल्ला तीन वर्षको भर्ना प्रकृति विश्लेषण (Enrolment Trend of Last Three Years)

तालिका नं. १.

क्र सं	शैक्षिक सत्र	प्र. वर्ष			दो. वर्ष			ते. वर्ष			चौ. वर्ष			
		छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	
१.	२०८०/०८१	१०	३०	**४०**	२३	२९	**५२**	२१	३३	**५४**	१६	३७	**५३**	१९९
२.	२०८१/०८२	३०	५२	**८२**	३०	४०	**७०**	२३	४३	**६६**	१३	२०	**३३**	२२३
३.	२०८२/०८३	३५	८०	**११५**	२३	४६	**६९**	१३+८	१५+२०	२८+२८	७	२१	**२८**	२६८

माथी टेबलमा तेश्रो वर्षमा दुई समूह खप्टिएको अवस्थामा रहेको छ । पुरानो तेश्रो वर्षको विद्यार्थी संख्या २८ र नयाँ तेश्रो वर्षमा पनि २८ जना भर्ना भएको देखिन्छ ।

३.१.१ चार वर्षे वि.एड. आ. व. २०८२/०८३ मा परीक्षामा सम्लग्न विद्यार्थी विवरण (Appeared Students in F. Y. 2081/082)

क्र सं	शैक्षिक सत्र	प्र. वर्ष		दो. वर्ष		ते. वर्ष		चौ. वर्ष	
		परीक्षा संलग्न	उत्तिर्ण	परीक्षा संलग्न	उत्तिर्ण	परीक्षा संलग्न	उत्तिर्ण	परीक्षा संलग्न	उत्तिर्ण
१.	२०८२/०८३	**८९**	-	**५१**	-	२८+२८	८=२८.५७%	**२७**	१२=४४.४४%

यस तालिकाअनुसार पूरानो वि.एड. तेश्रो वर्षको नतिजाअनुसार २८.५७५ विद्यार्थीहरु उत्तिर्ण भएको देखिन्छ भने नयाँ तेश्रो वर्षको नतिजा प्रकाशित भएको छैन ।

तालिका नं. २. चार वर्षे **वि. वि. एस. तर्फ तीन वर्षको विद्यार्थी विवरण**

क्र सं	आर्थिक वर्ष	प्रथम वर्ष			दोश्रो वर्ष			तेश्रो वर्ष			चौथो वर्ष			कूल जम्मा
		छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	
१.	२०८०/०८१	५०	७०	**१२०**	२५	३५	**६०**	२३	२२	**४५**	२४	३१	**५५**	२८०
२.	२०८१/०८२	७१	४६	**११७**	४१	३६	**७७**	३०	३८	**६८**	२१	२५	**४६**	३०८
३.	२०८२/०८३	५०	७०	**१२०**	४१	३९	**८०**	३०+९	३१+२४	६१+३३	२४	१२	**२६**	३२०

माथी टेबलमा तेश्रो वर्षमा दुई समूह खप्टिएको अवस्थामा रहेको छ। जस्मा पुरानो तेश्रो वर्षको विद्यार्थी संख्या ६१ र नयाँ तेश्रो वर्षमा पनि ३३ जना नै भर्ना भएको देखिन्छ ।

३.१.२ चार वर्षे वि. वि. एस. आ. व. २०८२/०८३ मा परीक्षामा सम्लग्न विद्यार्थी विवरण (Appeared Students in F. Y. 2081/082)

क्र सं	शैक्षिक सत्र	प्र. वर्ष		दो. वर्ष		ते. वर्ष		चौ. वर्ष	
		परीक्षा संलग्न	उत्तिर्ण	परीक्षा संलग्न	उत्तिर्ण	परीक्षा संलग्न	उत्तिर्ण	परीक्षा संलग्न	उत्तिर्ण
१.	२०८२/०८३	**९१**	-	६३	-	२६+**५२**	१२=४६.१५%	**२६**	१४ =५३.८४%

माथीको तालिका हेर्दा यस क्याम्पसमा शिक्षा संकाय तर्फ विगतका समयमा विद्यार्थीहरूको भर्नामा केही उतार चढाव भएतापनि अहिलेको अवस्थामा संख्यात्मक हिसावले सुधार भएको देखिन्छ। तालिका तालिका १मा हेर्दा आ. व. २०८०/०८१ मा शिक्षा संकाय तर्फ प्रथम, दोश्रो, तेश्रो र चौथो वर्षमा कूल संख्या १९९ भएकोमा २०८१/०८२ मा सो संख्यामा सामान्य बढेर २२३ पुगेको थियो भने २०८२/०८३ मा २६८ पुगेको छ। यसरी विद्यार्थी संख्यामा आंशिक रुपमा भएपनि बृद्धि हुनुमा यस क्याम्पसले गरेको भौतिक एवं शैक्षक प्रगतीलाई लिन सकिन्छ। तालिका नं. २ मा हेर्दा व्यवस्थापन संकाय तर्फ भने बृद्धि भएको देखिन्छ। कूल संख्यामा भन्ने हो भने तालिका नं. ३ अनुसार आ. व. २०८०/०८१ मा २८० भर्ना भएका थिए भने २०८१/०८२ मा ३०८ र २०८२/०८३ मा ३२० जना भर्ना भएका छन् जुन कुरालाई सकारात्मक रूपमा लिन सकिन्छ। व्यवस्थापन संकायमा भर्ना संख्यामा बढोत्तरी हुनुमा यस्को कार्य क्षेत्र धेरै हुनुका साथै सरकार र समाजले यो विषय अध्ययन गर्ने विद्यार्थी र पेशालाई सकारात्मक दृष्टिकोणले हेर्ने गरेकोले पनि हुन सक्दछ।

तालिका नं. ३. वि. एड तथा वि. वि. एस. तर्फ तीन वर्षको कूल विद्यार्थी विवरण

क्र.सं.	आ.व.	वि.एड.	वि.वि.एस.	कूल जम्मा
१.	२०८०/०८१	१९९	२८०	४७९
२.	२०८१/०८२	२२३	३०८	५३१
३.	२०८२/०८३	२६८	३२०	५८८

३.२ पछिल्ला तीन वर्षको उत्तिर्ण प्रकृति विश्लेषण (Pass Rate Trend of Last Three Years)

तालिका नं. ४.

वि. एड तथा वि. वि. एस. तर्फ नियमित वार्षिक परीक्षामा उत्तिण विद्यार्थी विवरण

क्र. सं.	शैक्षिक सत्र	वि.एड.				वि. वि. एस.			
		प्रथम वर्ष	दो. वर्ष	ते. वर्ष	चौ. वर्ष	प्रथम वर्ष	दो. वर्ष	ते. वर्ष	चौ. वर्ष
१.	२०८०/०८१	१३.१५%	२५.६४%	१७.२४%	४४.८२%	१९.५१%	६.६६%	५४.३८%	३७.०३%
२.	२०८१/०८२	३५.७१५	१७.८५%	३४.६१%	७३.३३%	१२.३२%	१५.६२ %	४६.१५%	५२.५०%
३.	२०८२/०८३	-	-	२८.५७%	४४.४४%	-	-	३६.३६%	५३.८४%

३.३ पछिल्ला तीन वर्षको ग्राजुयट ट्रेण्ड विश्लेषण (Graduate Trend Analysis of the Last three years)

तालिका नं. ४.

वि. एड तथा वि. वि. एस. ग्राजुयट हुने विद्यार्थीहरूको विवरण

क्र.सं.	आ.व.	वि.एड.	वि.वि.एस.
१.	२०८०/०८१	७	७
२.	२०८१/०८२	९	१०
३.	२०८२/०८३	१८	२५

४. शैक्षिक कार्यक्रम तथा शिक्षण पद्धती (Programs and Educational Pedagogy)

यस मंगल बहुमुखी क्याम्पस स्थापना समयदेखि नै स्नातक तहका दुई वटा कार्यक्रमहरू चार बर्षे वि.एड. तथा वि.वि.एस.सञ्चालन हुँदै आएको छ । वि.एड. तर्फ अंग्रेजी, नेपाली, गणित र स्वास्थ्य तथा

शारीरिक शिक्षा मुख्य तथा सहायक विषयका रूपममा अध्यापन गर्दै आएको छ भने वि. वि. एस. तर्फ अर्थशास्त्र, लेखा, बाणिज्य तथ्याङ्क शास्त्र, बजार व्यवस्थापन जस्ता विषयहरू अध्यापन गर्दै आएको छ । यी विषयवस्तुहरूको मल्टिमेडिया तथा प्रजेक्टर विधि, प्रवचन विधि, प्रश्नोत्तर विधि, समूह छलफल, फिल्ड ट्रिप तथा शैक्षिक भ्रमण जस्ता विधिहरू अपनाएर अध्यापन गर्दै आएको छ । विद्यार्थीहरूलाई थप सक्षम र बढी भन्दा बढी प्रयोगात्मक सक्षमता प्रदान गर्न नन् क्रेडित कोर्ष तयार गरेर अध्यापन गराउने निर्णयअनुसार व्यवस्थापन र शिक्षा शास्त्र दुबै संकाय तर्फ अध्यापन कार्य सुरु गरिको छ । विद्यार्थीहरुलाई कम्प्यूटर सम्बन्धी ज्ञान सीप प्रदान गर्न क्याम्पसले कम्प्यूटर ल्यावको स्थापना गरेर सो सम्बन्धी ज्ञान तथा सीप सिकाउने व्यवस्था मिलाएको छ । यस क्याम्पसले आफ्ना विद्यार्थीहरुलाई अनुसन्धानात्मक कार्यमा लाग्न र प्रेरित गर्दै सो सम्बन्धी तालिमको पनि व्यवस्था गर्दै आएको छ ।

क्याम्पसमा थप उच्च शिक्षा अध्ययन र अध्यापन गर्ने व्यवस्थाको लागि त्रि. वि. बाट थप कार्यक्रमहरु सञ्चालनको अनुमतिको लागि व्यवस्थापा संकाय डिनको कार्यालय त्रि. वि.मा स्नातक तह तर्फ बिबिए र बि. आई. टि. एम. कार्यक्रमको लागि र शिक्षा शास्त्र संकाय डिनको कार्यालय त्रि. वि.मा स्नातकोत्तर तह एम. एड. कार्यक्रम अन्तर्गत शैक्षिक योजना व्यवस्थापन विषय सञ्चालन अनुमतिको लागि आवेदन पेश गरेको छ ।

५. भौतिक प्रगति (Physical Development)

कीर्तिपुर नगरपालिका वडा नं. १० मा रहेको यस क्याम्पसको व्यवस्थापन समितिले क्याम्पसको भवन बनाउने रणनीति लिएअनुसार मङ्गल माध्यमिक विद्यालयले आफ्नो सिमाना भन्दा बाहिर रहेको जग्गा भोग चलन गर्न प्रदान गरेको हुँदा सोही जग्गामा विश्वविद्यालय अनुदान आयोगको नगद रू. ३७,५०,०००/- (अक्षरेपी सैंतीस लाख पचास हजार रूपैयाँ) अनुदान सहयोग र आन्तरिक स्रोतबाट क्याम्पसको तीन कोठे भवन बनाउने काम सुरू गरी भुई तलामा ३ कोठे भवन बनाउने कार्यबाट श्रीगणेश गरेर अहिले यस आ.व. २०८२/०८३ सम्ममा बागमती प्रदेश सरकारको सहयोगमा क्याम्पसको पाँच तल्ले क्याम्पस भवन निर्माण सम्पन्न गरेको छ ।

क्याम्पसको गुरू योजना अनुसारकक्षा सञ्चालनको लागि विद्यमान भवनमा तल्ला थप गरी कोठा निर्माण गर्न बागमती प्रदेशमा योजना पेश भए अनुसार गत आ. व. २०७६/०७७ मा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको तर्फबाट अनुदान प्राप्त भएको रू. ३०,००,०००/- (अक्षरेपी तीस लाख रूपैयाँ) र आन्तरिक श्रोत गरी कूल रू. ३४,३४,४८८/- (अक्षरेपी चौतीस लाख चौतीस हजार चार सय अठासी रूपैयाँको लागतमा

दुई तला स्ट्रक्चर ढलान गर्ने कार्य सम्पन्न भएको छ । आ. व. २०७६/०७७मा बागमती प्रदेश सरकारको सहयोगमा निर्मित दुई तल्ला स्ट्रक्चरमागारो लगाई भ्याल ढोका र प्लाष्टर गरी कक्षा सञ्चालनको लागि योग्य बनाउन आर्थिक वर्ष २०७८/०७९ मा पनि बागमती प्रदेश बाट भवन निर्माणको लागि सशर्त अनुदान पुँजीगत तर्फ कीर्तिपुर नगरपालिका मार्फतरू. ३२,७२,०००/- (अक्षरेपी बत्तीस लाख बहत्तर हजार रूपैयाँ) मात्र अनुदान सहयोग प्राप्त भएकोबाट तेश्रो तला स्ट्रक्चर ढलान र पहिलो तला फिनिसिङ सम्पन्न गरी कक्षा सञ्चालन गरेको छ। आ.व. २०८१/०८२मा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश सरकारको रु. ५०,००,०००।०० (अक्षेरपी पचास लाख रुपैयाँ) सहयोगको सहयोगबाट क्याम्पस भवनको पाँचौं तल्लामा ट्रस राखी हल निर्माण सम्पन्न गरी भवनलाई पूर्णता प्रदान गरेको छ । त्यस्तै यस क्याम्पसको आन्तरिक श्रोत तथा कीर्तिपुर नगरपालिकाको आर्थिक सहयोग रु. ५,००,०००।०० (अक्षरेपी पाँच लाख रुपैयाँ) समेत गरि कूल दश लाख रुपैयाँमा क्याम्पसमा अध्ययनरत छात्र छात्राहरुका लागि आवश्यक शौचालय समेत तयार गरि पूर्णरुपमा कक्षाहरु क्याम्पसको आफ्नै भवनमा सञ्चालनमा ल्याइसकेको छ । जस्ले गर्दा बिगतको समयमा मंगल माध्यमिक विद्यालयको कक्षा कोठाहरु प्रयोग गर्दै आइरहेकोमा अव पठनपाठनको लागि बिद्यालयको कक्षा कोठाहरु प्रयोग गर्न नपर्ने भएको छ ।

यो क्याम्पस मङ्गल मा. वि. को सकृयतामा विद्यालय तहलाई उन्नयन गर्दै स्थापना भएको हुँदा कक्षा सञ्चालनको लागि आवश्यक फर्निचरहरू विद्यालयकै प्रयोग गर्दै आएकोमा विश्वविद्यालय अनुदान आयोगको सहयोगमा ७५ वटा डेस्क बेन्चहरूको व्यवस्था गर्नुका साथै पुस्तकालयको व्यवस्थापनको लागि आवश्यक च्याक ६ थान मेच कम्प्यूटर ल्याव प्रयोजनको लागि १५ थान डेक्स्टप कम्प्यूटर, ४ थान प्रिन्टर र प्रोजेक्टर १ थानको व्यवस्थापन गरेको छ । साथै विश्वविद्यालय अनुदान आयोगबाट नियमित अनुदानअन्तर्गत प्राप्त हुने रकमबाट क्याम्पसलाई आवश्यक सामाग्रीहरूको समेत व्यवस्था गर्दै आएको छ । आ. व. २०७७/०७८मा विश्वविद्यालय अनुदान आयोगको स्विकृत कार्यक्रम अन्तर्गत प्राप्त रकम रू. १,५०,०००/- (क्षरेपी एकलाख पचास हजार रूपैयाँ)बाट यस कीर्तिपुर नगरभित्रका तीनवटा सामुदायिक क्याम्पसहरू मङ्गल बहुमुखी क्याम्पस, शहिद स्मारक कलेज र जनाधार क्याम्पसका गरी कूल २१ प्राध्यापकहरूको अनुसन्धानात्मक क्षमता अभिबद्धि गर्ने हेतुले Capacity Building विषयमा ५ दिने तालिम सञ्चालन गरिएको थियो । त्यस्तै आ. व. २०८१/०८२ मा शिक्षकहरूलाई Journal Article Writing Workshop विषयमा ३ दिने तालिम सञ्चालनबापत रू. १,३२,०२५/- (अक्षरेपी एक लाख बत्तीस हजार पच्चीस रूपैयाँ) प्राप्त भएको थियो । विश्वविद्यालय अनुदान आयोगबाट नियमित तर्फ रू.१३,३०,०००/-(अक्षरेपी तेह्र लाख तीस हजार रूपैयाँ) र EPBF कार्यक्रम अन्तर्गत रू. २५,२९,७००/-(अक्षरेपी पच्चीस लाख उनान्तीस हजार सात सय रूपैयाँ) प्राप्त

भएको छ । त्यस्तै सोही आ.व. मा ESP अन्तर्गत रू. १५,००,०००।-(अक्षेरेपी पन्ध्र लाख रुपैयाँ) मात्र प्राप्त भएको थियो । आ. व. २०८२र०८३ मा क्याम्पस श्रोतबाट थप ६० वटा फाइबर डेस्क बेन्च खरिद गरि कक्षा कोठामा राखे पछि अब क्याम्पसमा विद्यार्थीकालागि फर्निचरको समस्या पनि समाधान भएको छ ।

५.१ भौतिक सम्पत्ती विवरण

क्र.सं.	विवरण	संख्या	कक्षा कोठा संख्या	हल र ICT Room	कार्यालय कोठा संख्या	स्वास्थ्य कक्ष	शौचालय	
							महिला	पुरुष
१.	भवन	१	११	१/१	६	१	९	५
२.	डेस्कटप कम्प्यूटर	३२ थान						
३.	ल्यापटप	७ थान						
४.	स्मार्ट बोर्ड	३+१ थान						
५.	प्रोजेक्टर	६ थान						
७.	प्रिन्टर	६ थान						
८.	स्टिल दराज	११थान						
९.	स्टिल/काठको च्याक	२/१ थान						
१०.	फोटो कपी मेसिन	१+१ थान						
११	सोफासेट	२ थान						
१२.	टि टेबल	१थान						
१३.	काठको टेबल	५+१०थान						
१४.	स्पिकर माइक	१ +६/ ३ थान						
१५.	अफिस टेबल	७ थान						
१६.	प्रथमिक उपचार सामाग्रीहरु	१/१ थान						

१७.	फ्रन्ट डेस्क टेबल	१ थान						
१८.	पंखा	१७ थान						
१९.	भित्ते घडी	६ थान						
२०.	पुस्तक	२९५० थान	ब्यवस्थापन १४०० थान	शिक्षा १७५० थान	सन्दर्भ पुस्तक ८०० थान	थेसिस ८०० थान		
२१.	डेस्क बेन्च	१३० थान						
२२.	फलामको मेच	५५ थान						
२३.	कम्प्यूटर टेबल	६ थान						
२४	वाटर डिस्पेन्सर	४ थान						
२५.	साउण्ड मिक्स्चर	१ थान						
२६.								

६. आर्थिक प्रगति (Financial Progress)

यो क्याम्पस मङ्गल माध्यमिक विद्यालयको स्तरण कै क्रममा स्थापना भएको हुँदा शुरूका दिनहरूमा आवश्यक आर्थिक व्ययभार विद्यालयले नै लिएको थियो । हाल त्रि. वि. मा धरौटी बापत मुद्दती खातामा रू. ६,५०,०००/- (अक्षरेपी छ लाख पचास हजार रूपैयाँ) र क्याम्पसको आजीवन साधारण सदस्यहरूको सदस्यता शुल्कबाट उठेको रकम रू.१२,५४,०००।- बढेर रू.१५,५४,०००।- गरी कूल २२,०४,००० रुपैयाँ अक्षय कोषको रूपमा मूद्दती खातामा राखिएको छ ।

यो क्याम्पसको चल पुँजीको हकमा मूल श्रोत विद्यार्थीहरूको भर्ना तथा माशिक शुल्क नै रहेको छ । सो बाहेक विश्वविद्यालय अनुदान आयोगबाट प्रदान गरिने नियमित तथा अन्य अनुदान रकम र प्रदेश सरकार, स्थानीय सरकार, संघीय सरकार र दाताहरूबाट उपलब्ध गरिने रकम चल पूँजीको रूपमा लिइएको छ । यस क्याम्पसको स्थापना गर्दा लिएको उद्देश्य अनुरूप नै यस क्याम्पसले भर्ना शुल्क वापत वार्षिक रूपमा एकमुष्ट रू. ७,०००/- (अक्षरेपी सात हजार रूपैयाँ) तथा यो क्याम्पस सञ्चालन भैरहेको मङ्गल माध्यमिक विद्यालयबाट कक्षा १२ उत्तिर्ण विद्यार्थीहरूलाई भर्ना शुल्क वापत वार्षिक रूपमा एकमुष्ट रू. ६,०००/- (अक्षरेपी पाँच हजार रूपैयाँ मात्र) लिने गरिएको छ भने मासिक शुल्क बापत रू. १२०० कायम गरिएको छ । यसै रकमबाट शिक्षक,

कर्मचारीहरुको तलब, मसलन्द, परीक्षा, पुस्तकालय लगायत मर्मत सम्भारका कामहरू गर्न आवश्यक खर्चको व्यवस्था गर्दै आएको छ। त्यस्तै पुस्तकालय धरौटीको रूपमा पछि फिर्ता हुनेगरी रू. १५००।०० अक्षरेपी एक हजार पाँच सय रूपैयाँ लिने गरेको छ। त्यसैले बदलिंदो परिस्थितिमा विद्यार्थीहरूलाई थप आर्थिक बोझ नपर्ने र शिक्षकहरूलाई पनि उचित पारिश्रमिकको व्यवस्था मिलाउने एक गम्भिर चुनौतिको रूपमा आएको छ। विद्यार्थीहरूलाई अध्ययनमा तल्लिन भई अध्ययनशील एवं लगनशील बनाउन विभिन्न समाजसेवीहरूद्वारा नगद पुरस्कार एवं प्रमाण पत्रको समेत व्यवस्था गरिनुका साथै कीर्तिपुर नगरपालिका सँग सहकार्य गरेर स्थानीय सरकारको लक्ष प्रत्येक घरमा एक स्नातक तह उत्तिर्ण गरेको नागरिक होस भन्ने हेतुले स्थानीय विद्यार्थीहरुका लागि एक घर एक स्नातक छात्रबृत्ति कार्यक्रम अन्तर्गत स्थानीय सरकार कीर्तिपुर नगरपालिबाट ६०% र क्याम्पसको तर्फबाट ४०% गरि कूल १००% छात्रबृत्ति प्रदान गर्ने व्यवस्था मिलएको छ।

तालिका नं. ५.

विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदानको विवरण

क्र. सं.	आर्थिक वर्ष	नियमित अनुदान	तलिम उपकरण अनुदान रू.	EBPG	ESP Grant Digitalization	SOPG QAA - SSR
१.	२०७९/०८०	रू.१३,९२,१००	रू.४,७५,०००	-	-	
२.	२०८०/०८१	रू.१५,६०,३००	रू.७,००,०००	रू.९,८५,०००	-	
३.	२०८१/०८२	रू.१३,३०,०००	रू.१,३२,०२५	रू.२५,२९,७००	रू.१५,००,०००	
४.	२०८२/०८३	रू.१५,१९,०००	रू. ६,००,००० रू. १,५०,०००	रू.९,७२,०००	रू.१५,००,०००	रू.२,८०,००० रू.४,००,०००

६.१ पछिल्लो तीन वर्षको आय व्यय विश्लेषण (Analysis of Financial Resource / Income of the Last Three Years)

तालिका नं. ६. तीन वर्षको कूल आम्दानी खर्च विवरण

क्र. सं.	आर्थिक वर्ष	कूल आम्दानी रू.	कूल खर्च रू.	बचत रू.
१.	२०७९/०८०	७६,४१,०७२।९२	७०,५७,९२०.८४	५,८३,१५२.०८
२.	२०८०/०८१	८८,०७,९६०।००	७२,६८,७४४।५०	१५,३९,२१५।५०
३.	२०८१/०८२	१,५७,२६,९८५।९०	११२१२९४२।५०	४५१४०४३.३६

६.२ क्याम्पस स्वयंले गरेको अर्थिक संकलन (Self Generated Resources)

यस क्याम्पसले समूदायको सहभागिताको लागि आजीवन सदस्य शुल्कबाट आर्थिक संकलन गरि अक्षय कोषको रूपम जम्मा रू. १३,८१,०००।०० कीर्तिपुर बहुउद्देश्यिय सहकारी प्रा. लि. राखेको छ। साथै त्रिविमा राखिएको धरौटी रकम रु. ६,५०,०००।- पनि क्याम्पसको स्थिर पुँजीको रुपमा रहेको छ।

६.३ विद्यार्थीहरूको शुल्क (Student's Fees)

यस मङ्गल बहुमुखी क्याम्पसमा विद्यार्थीहरूको शुल्क निम्न अनुसार रहेको छ।

भर्ना शुल्क : रू. ७००० मासिक शुल्क रू. १२०० (क्याम्पस टिशर्ट र टाई नि:शुल्क वितरण)
आन्तरिक परीक्षा शुल्क रू. ५००
पुस्तकालय धरौटी रू. १५०० (पछि फिर्ता हुने गरी)

६.४ सरकारको तर्फबाट सहयोग (Grant from Government Sources)

यस क्याम्पसको भौतिक सवलीकरण अन्तर्गत क्याम्पस भवन निर्माणको लागि बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको तर्फबाट निम्न अनुसारको अनुदान सहयोग प्राप्त भएको छ।

- बागमती प्रदेश सरकार आ. व. २०८०/०८१ मा रू. ५०,००,०००।००
- बागमती प्रदेश सरकार आ. व. २०८१/०८२ मा रू. ५०,००,०००।००

- स्थानीय सरकार कीर्तिपुर नगरपालिकाबाट रू.५,००,०००।-
- बागमती प्रदेश सरकार आ. व. २०८२/०८३ मा रू. ५,००,०००।००
- स्थानीय सरकार कीर्तिपुर नगरपालिकाबाट आ. व. २०८२/०८३ मा रू.७,५१,६८०।- (एक घर एक स्नातक छात्रबृत्ति कार्यक्रम)

६.५ पछिल्लो तीन वर्षको खर्च विश्लेषण (Expenditures Analysis of the Last Three Years)

यस क्याम्पसको पछिल्लो तीन वर्षको खर्च विवरणको विश्लेषण निम्न अनुसार रहेको छ ।

तलिका नं. ७

क्र. सं.	आर्थिक वर्ष	तलब रू.	अन्य खर्च रू.	ह्रास कट्टी खर्च
१.	२०८०/०८१	५१,१६,७४८।००	२१,५१,९९६।५०	५,०८,११३।०७
२.	२०८१/०८२	७३,६७,४९३।४५	२९,८९,२०८।८०	८,५६,२४०।२८
३.	२०८२/०८३	७७,४९,१२९।००	६०,२३,३०२।००	-

तालिका नं. ७ अनुसार खर्च विश्लेषण गर्दा आ. व. २०८०/०८१ मा यस क्याम्पसमा साधारण खर्च रू. २१,५१,९९६।५० (अक्षरेपी एकाइस लाख एकाउन्न हजार एक नौसय छयानब्बे रूपैयाँ पैसा पचास) र तलब तथा भत्ता तर्फ **रू.** ५१,१६,७४८।०० (अक्षरेपी एकाउन्न लाख सोह्र हजार सात सय अठचालिस रूपैयाँ) खर्च भएको देखिन्छ । त्यस्तै आ. व. २०८१/०८२ साधारण तर्फ रू. २९,८९,२०८।०० (अक्षरेपी उनान्तीस लाख उनान्नब्बे हजार दुई सय आठ रूपैयाँ पैसा पचास) र तलब तथा भत्ता तर्फ **रू.** ७३,६७,४९३।४५ (अक्षरेपी त्रीहत्तर लाख सरसाठी हजार चार सय त्रीयानब्बे रूपैयाँ पैसा पैंतालीस) खर्च भएको देखिन्छ भने सोही वर्षमा **रू.८,५६,२४०।२८** (अक्षरेपी आठ लाख छपन्न हजार सात दुई सय चालिस रूपैयाँ पैसा अठाइस) ह्रास कट्टी भएको देखिन्छ । आ. व. २०८२/०८३ साधारण तर्फ रू. ६०,२३,३०२।०० (अक्षरेपी साठी लाख तेइस हजार तीन सय दुई रूपैयाँ) र तलब तथा भत्ता तर्फ **रू.** ७७,४९,१२९।०० (अक्षरेपी सतहत्तर लाख उनान्चास हजार एक सय उनान्तीस रूपैयाँ) खर्च भएको देखिन्छ । जुन अघिल्लो आ. व. भन्दा रु. ३,८१,६३६।०० (अक्षरेपी तीन लाख एकासी हजार छ सय छत्तीस रूपैयाँ) तलबमा बढी खर्च भएको देखिन्छ यसो हुनुमा लेखा शाखा र पुस्तकालयमा एक एक गरी दुई जना ज्यालादारी कर्मचारी राख्नुले देखिएको हो ।

यस क्याम्पसको विस्तृत आय व्यय विवरण र आ. व.२०८२/०८३ को लेखा परीक्षण प्रतिवेदन अनुसार अनुसुची १ मा उल्लेख गरिएकोछ ।

६.६ Audit Observation/Issues and Steps Taken to Mitigate the Issues Raised by Audit Observations in Last Fiscal year

यस क्याम्पसले गत आ. व. २०८२/०८३मा लेखा परीक्षकले प्रस्तुत गर्नु भएको प्रतिवेदनमा औंल्याएका कमी कम्जोरीहरूतथा लेखा परीक्षकले उठाएका मुद्दाहरूका समाधान एवं सुधार गर्न क्याम्पस व्यवस्थापन समितिमा आवश्यक छलफल गरी कार्यान्वयन गर्न थालनी गरिएको छ ।

७. सामाजिक प्रगति (Social Progress)

कीर्तिपुर एक ऐतिहासिक एवं साँस्कृतिक नगर हो । यो क्याम्पस यहाँका स्थानीय समाज सेवी, शिक्षा प्रेमी बुद्धिजीवीहरूको सकृयतामा स्थापना भएकोले उहाँहरूको निरन्तर रूपमा नैतिक एवं भौतिक सहयोग प्राप्त भइरहेको छ । यस क्याम्पसलाई सुदृध, सवल एवं सक्षम बनाउँदै लैजान व्यवस्थापन समितिले लिएका नयाँ कार्य योजना अनुसार प्रत्यक्ष रूपमा स्थानीय जन सहभागीता बृद्धि गर्न क्याम्पसको आजीवन साधारण सभा सदस्य बनाएको छ । यस कार्यक्रम अन्तर्गत २१२ जना महानुभावहरूले आजीवन साधारण सदस्यता लिनु भएको छ । यसले गर्दा यस क्याम्पसको सामाजिक जग अझ सवल र सक्षम भएको पाइएको छ । यसैको फलस्वरूप क्याम्पसको सामाजिक एवं भौतिक पक्षमा सुधार हुँदै आएको देखिन्छ । आउँदा दिनहरूमा यसमा थप गर्दै ५०० जना सम्म सदस्य बनाउने लक्ष्य रहेको छ । यसले गर्दा क्याम्पस र समुदायको सम्वन्ध थप मजवुत हुनुका साथै समुदायको क्याम्पस प्रतिको उत्तरदायित्व बढ्ने विश्वास लिएको छ । क्याम्पसले सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा समुदाय सँग साझेदारी कार्यक्रमहरू अगाडी ल्याएको छ । त्यस्तै समुदायमा गएर सरसफाई कार्यक्रमहरू गर्ने, समुदायका वालवालिकाहरूका लागि खेलकूद गतिविधि सञ्चालन गर्दै आउनुका साथै रक्तदान कार्यक्रम निरन्तर गर्दै आएको छ । कोरोना भाइरसको महामारीमा पनि स्थानी संघ संस्थाहरू सँग हातेमालो गर्दै जनचेतनाका कार्यक्रमहरूको आयोजना गरेको छ । गत वर्ष भएको डेंगी महामारीको समयमा कीर्तिपुर नगरपालिका सँग सहकार्य गरेर डेंगीका बारेमा विद्यालयका विद्यार्थीहरू लगायत स्थानीयहरूलाई सचेतना कार्यक्रम गरेको थियो । त्यस्तै यस वर्ष ईजी हाइक समूह सँग मिलेर कीर्तिपुर स्थित ऐतिहासिक एवंम् धार्मिक स्थल चम्पा देवी डाँडामा गएर त्यहाँ भएको प्लाष्टिक फोहर संकलन गरी संकलन केन्द्रमा बुझाउने कार्य सम्पन्न गरेको र यस कार्यलाई निरन्तरता प्रदान गरेको छ । यस क्याम्पसले यहाँ रहेको स्थानीय संघ संस्थाहरू सँग सहकार्य गर्न एक आपसमा सम्झौता पनि गरेको छ । विद्यार्थीहरुलाई समूदायमा

पठाएर स्थानीय जन स्वस्थ्य सम्बन्धी धारणा र स्थितिबारे कार्यक्रमहरु गर्ने गरेको छ । त्यस्तै विभिन्न सामाजिक संस्था तथा क्याम्पसहरु सँग साझेदारीमा सहकार्य गर्न दुई पक्ष वीच सम्झौताहरु गरेको छ ।

७.१ सामाजिक कार्यकलापमा क्याम्पसको सम्लग्नता (Campus's Involvement In Social Activities)

यस क्याम्पसले समुदायमा क्याम्पस उपस्थिति जनाउन निम्न अनसार कार्य गर्दै आइरहेको छ ।

- समूदायमा भइरहेका स्वास्थ्य एवम् सामाजिक समस्याहरूका बारेमा विद्यार्थी शिक्षकहरूको समूह बनाएर अध्ययन गराउनुका साथै नगरपालिकाका पदाधिकारीहरू र समाजका अग्रजहरू सहितको सम्लग्नतामा प्रतिवेदन प्रस्तुत गर्ने गरेको ।
- विभिन्न चाडबाडको अवशरमा स्थानीय मठमन्दिरमा सरसफाई कार्यक्रमहरू गर्ने गरेको ।
- समुदायका विद्यालयहरुमा विद्यार्थीहरुको स्वस्थ्य तथा यौन स्वास्थ्य र मानसिक प्रभाव बारे चेतना जगाउने कार्य निरन्तर हुँदै आएको छ ।
- रक्तदान कार्यक्रमहरू निरन्तर रुपमा आयोजन गर्ने गरेको ।
- लायन्स क्लब अफ कीर्तिपुर संगको सहकार्यम Tree weeding तथा सरसफाई कार्यक्रममा सहभागी भएको र आयोजना गर्ने गरेको ।
- Inner Wheel Club of Kirtipur Centre सँग मिलेर पाठ्यघरको क्यान्सरको Awareness कार्यक्रम सञ्चालन गरेको ।

७.२ क्याम्पसको लागि समुदायको योगदान (Society's Contribution for Campus)

- समुदायका समाजसेवीहरुले भवन निर्माणका लागि आर्थिक सहयोग प्रदान गरेको ।
- समुदायका अग्रज समाजसेवीहरूले यस क्याम्पसका उत्कृष्ट विद्यार्थीहरूका लगि प्रमाण पत्र र नगद पुरस्कारको लागि अक्षय कोषको व्यवस्था गर्नु ।
- क्याम्पसलाई आवश्यक परेको अवस्थामा चन्दा सहयोग गर्ने गरेको ।
- समुदायका अग्रजहरू क्याम्पसको आजिवन सदस्य बनेर आर्थिक एवम् शैक्षिक पक्षमा सहयोग गर्दै आएको ।

७.३ समुदायको लागि क्याम्पसले योगदान गर्ने योजना (Plan for Campus's Contribution to Society)

यस क्याम्पसले समुदायलाई सहयोग एवं सहकार्य गर्न निम्न अनुसारको योजनाहरू बनाएको छ ।

- एक घर एक स्नातक बनाउने लक्ष्यका साथ स्थानीय सरकार कीर्तिपुर नगरपालिकासँगको सहाकार्यमा यस क्याम्पसमा अध्ययन गर्न चाहने स्थानीय विद्यार्थीहरूलाई निःशुल्क छात्रबृत्ती उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिने । जसमा कीर्तिपुर नगरपालिकाबाट ६०% र यस मङ्गल बहुमुखी क्याम्पसबाट ४०% व्यहोर्ने गरेको छ ।
- स्थानीय क्लव संघ संस्थाहरू सँग मिलेर सामाजिक बिकृतिहरूका बारेमा सचेतनाका कार्यक्रमहरू आयोजना गर्ने ।
- समूदायमा भएको स्वास्थ्य समस्याहरू पहिचान गर्न वडा कार्यालयहरूमा विद्यार्थीहरू पठाएर आवश्यक सहकार्य गर्ने ।
- मङ्गल रिशर्च काउन्शिलको माध्यमबाट यहाँको समस्या पहिचान गर्न आवश्यक अनुसन्धान कार्य गर्ने ।
- विश्वविद्यालय समूदाय लिंकेज कार्यक्रम सञ्चालन गर्ने ।

७.४ क्याम्पसमा समुदायको सम्लग्नता बढाउने योजना (Plan for Increased Involvement of Society in Campus)

यस क्यम्पसमा समुदायको सम्लग्नता बृद्धि गर्न निम्न अनुसारको योजनाहरू बनाएको छ ।

- यस क्याम्पसको आन्तरिक तथा बाह्य कार्यक्रमहरूमा स्थानीय मानिसहरूलाई आमन्त्रण गर्ने ।
- क्याम्पसको Strategic Plan अनुसार गठन भएका समितिहरूमा स्थानीयहरूलाई पनि सम्लग्न गर्ने ।
- क्याम्पस व्यवस्थापन समितिमा अभिभावक प्रनिनिधिलाई सकृया बनाउने ।
- २१२ जना आजिवन सदस्यहरूलाई विभिन्न क्षेत्रको जिम्मेवारी प्रदान गर्ने ।
- समुदायका युवाहरुलाई पुस्तकालय सम्बन्धी तालिम प्रदान गरिएको ।
- क्याम्पसमा भएको क्याम्पस हल र सेमिनार हल समुदायका मानिसहरुलाई सेमिनार हल प्रयोग गर्न मिल्ने व्यवस्था गरेको ।
- समुदायको सम्लग्नता बृद्धि गर्न क्याम्पस आजीवन सदस्य थप गर्ने योजना अगाडी ल्याएको ।

८. सवल पक्ष तथा दुर्वल पक्षहरू

कुनै पनि संस्था सञ्चालनको क्रममा त्यसको कार्यक्षमता र लगनशिलताले राम्रो, नराम्रो, सवल, दुर्बल र अवसरका पक्षहरू हुने गर्दछन् । यस बहुमुखी क्याम्पस सञ्चालनको क्रममा देखिएका सवल, दुर्वल एवं चुनौती र अवसरका पक्षहरू निम्नानुसारका छन् ।

८.१ सवल पक्ष (Strong Aspects)

१. त्रिभुवन विश्वविद्यालय नजिकै भएकोले शैक्षिक जनशक्ति सहजै उपलव्ध हुन सक्नु साथै पहुँचमा पनि सहजता हुनु ।

२. समुदायका २१२ जना समाजसेवी, बुद्धिजीवी, शिक्षविद्हरू, अभिभावक, शिक्षा प्रेमी, व्यापारी तथा व्यावसायी महानुभावहरू क्याम्पसको आजीवन साधारण सभा सदस्य भई प्रत्यक्ष संलग्नता हुनु ।

३. आजीवन सदस्यता बापत उठेको शुल्कबाट अक्षय कोष स्थापना गर्नु ।

४. क्याम्पसको निर्माधिन भवनको ५ तल्लाको दुई वटा व्लकको नक्सा तथा लागत इस्टिमेट तयार भएको, त्यस मध्ये क्याम्पसको Block A भवनको पाँचौ तल्लामां ५३ फिट/२० फिट को हल सहित निर्माण भवन निर्माण कार्य सम्पन्न गर्नु ।

५. बौद्धिक समुहको सक्षम एवं चुस्त व्यवस्थापन समिति तथा सल्लाहकारहरू हुनु ।

६. विद्यार्थीहरूलाई निरन्तर लगनशिल भई आध्ययनशिल हुन उत्प्रेरित गर्नका लागि नियमित मूल्याङ्कन गरी उत्कृष्टताको आधारमा नगद पुरस्कार र छात्रबृत्तिको व्यवस्था हुनु ।

७. नियमित अतिरिक्त कृयाकलापहरू सञ्चालन र विद्यार्थीहरूको उच्चतम सहभागिता हुनु ।

८. शिक्षकहरूलाई नियुक्ति पत्र प्रदान गर्ने व्यवस्था मिलाउनु ।

९. व्यवस्थापन संकायका कक्षाहरू छुट्टै व्लकमा सञ्चालन गर्नु ।

१०. प्राध्यापकहरूलाई मासिक रूपमा तलव उपलव्ध गराउने व्यवस्था मिलाउनु ।

११. यस क्याम्पसले योजना गरे अनुसार मङ्गल रिशर्च जर्नल प्रकाशन समिति तथा रिशर्चसेल गठन गरी जर्नल प्रकाशित गर्नु ।

१२. यस क्याम्पसमा काठमाडौं लगायत ६० भन्दा बढी जिल्लाबाट अध्ययनका लागि विद्यार्थीहरू आउनु ।

१३. यस क्याम्पसले LOI लिएर प्रथम चरणको Peer Review भई दोश्रो चरणको Peer Review गर्ने क्रममा रहेको ।

१४. पूर्णकालिन शिक्षक तथा कर्मचारीहरूको व्यवस्था हुनु ।

१५. विषयगत विषय समिति लगायत विभिन्न उप समतिहरू गठन भइ कार्यान्वयनमा आउनु ।

१६. विश्वविद्यालय अनुदान आयोगको अनुदानबाट विद्यार्थीहरूलाई आवश्यक डेश्क बेन्चको व्यवस्था हुनु ।

१७. जेहेन्दार, दुर्गम, अपाङ्ग, दलित एवं सिमान्तकृतहरूलाई छात्रवृत्तिको व्यवस्था हुनु ।

१८. Student Quality Circle गठन हुनुका साथै अन्य विभिन्न समितिहरू पनि गठन हनु ।

१९. Mangal Research Cell तथा Mangal Research Journal Editorial Board गठन भई नियमित Mangal Research Journal प्रकाशित गर्नु र सातौं संस्कारण प्रकाशित हुने क्रममा रहनु ।

२०.कीर्तिपुर नगरपालिका सँगको सहकार्यमा एक घर एक स्नातक कार्यक्रम मार्फत छात्रबृत्ती कार्यक्रमलाई निरन्तरता प्रदान गर्नाले स्थानीय विद्यार्थीहरूको आकर्षण बढ्नु ।

२१. यस क्याम्पसले भवन पूर्णरूपमा तयार गरि क्याम्पस भवन मै कक्षा सञ्चालन गर्नु ।

२२. ई पुस्तकालय तथा ICT LABका व्यवस्था हुनु ।

२३ कार्यक्रमहरु गर्न आवश्यक हलको व्यवस्था हुनु ।

२४. कक्षा कोठाहरुमा स्मार्ट बोर्डको व्यवस्था गर्नु ।

८.२ दुर्वल पक्ष (Weak Aspects)

१ आवश्यक मात्रामा फर्निचरहरूको अभावमा प्रशासनिक कार्यहरू गर्न कठिन हुनु ।

२. फर्निचरको अभावमा पुस्तकालयमा भएका पुस्तकहरू ब्यवस्थित रूपमा राख्न नसक्नु ।

३. आर्थिक अभावका कारण क्याम्पसको नवनिर्मित भवनमा शौचालयको व्यवस्था गर्न नसक्नु

४. क्याम्पसले नयाँ शैक्षिक कार्यक्रमहरू थप गर्दै लान नसक्नु ।

५. अपेक्षाकृत शैक्षिक उपलब्धी हासिल गर्न नसक्नु ।

६. शिक्षक विद्यार्थीहरूलाई सूचना प्रविधि (I T)को सुविधाहरू उपलब्ध गराउन नसक्नु ।

७. पूर्णरूपमा पूर्णकालिन शिक्षकहरूको अभावमा अतिरिक्त शैक्षिक एवम् अतिरिक्त कृयाकलापको जिम्मेवारी दिन असहज हुनु ।

८. उच्च अंक ल्याउने विद्यार्थीहरूलाई आकर्षित गर्न नसक्नु ।

९. वर्तमान परिप्रेक्ष्य अनुसार प्राविधिक र व्यावसायिक विषयहरू सञ्चालन गर्न नसक्नु ।

१०.शैक्षिक अडिट नहुनु ।

११. दिगो र नियमित आर्थिक श्रोत नहुनु ।

१२. कर्मचारीहरूमा व्यावसायिक क्षमताको अभाव हुनु ।

९. चुनौतीहरू (Threats)

१. आर्थिक रूपले क्याम्पस आत्मनिर्भर हुन नसक्नु ।

२. क्याम्पसको छुट्टै थप भवन निर्माण गर्न यथोचित जग्गा र आर्थिक श्रोत जुटाउन नसक्नु ।

३ क्याम्पसको सम्पूर्ण आर्थिक भार विद्यार्थीहरूमा मात्र निर्भर परेको हुँदा समय सापेक्ष शिक्षक तथा कर्मचारीहरूको तलव भत्तामा सुधार ल्याउन कठिनाई हुनु ।

४. पूर्णकालिन शिक्षक तथा कर्मचारीहरूको आवश्यक मात्रामा व्यवस्था गर्न नसक्नु ।

९.१ अल्पकालिन समस्या तथा चूनौतीहरू (Short Term Problems and Threats)

१. शिक्षक तथा कर्मचारीको समस्या ।

२. अतिरिक्त कृयाकलापका लागि सामाग्री व्यवस्थापन गर्न कठिनाई ।

३. कोठा अभावको कारण प्रभावकारी पुस्तकालयको व्यवस्थापनमा कठिनाई ।

४. सूचना सञ्चार तथा प्रविधि (ICT)का सामाग्रीहरूको अभाव ।

५. ड्रपआउटको संख्या बृद्धि हुनु ।

६. शिक्षकहरूलाई तालिमको अभाव ।

७. विषयगत शिक्षा समितिहरूलाई आवश्यक पूर्वाधार व्यवस्थापन गर्न कठिनाई हुनु ।

८. विद्यार्थी शिक्षक बैदेशिक रोजगार तथा विदेशमा अध्ययनका लागि आर्षित हुनु ।

९. गुणस्तरीय संरचना व्यवस्थापन गर्न कठिनाई हुनु ।

१०.राष्ट्रिय शैक्षिक नीति अस्थिरहुनु ।

९.२ दिर्घकालिन समस्या तथा चूनौतीहरू (Long Term Problems and Threats)

१. क्याम्पसको लागि जग्गाप्राप्तीको समस्या ।

२. आर्थिक अभावको कारण भवन निर्माणसम्वन्धी समस्या ।

३. खेलमैदानसम्वन्धी समस्या ।

४. प्रयोगात्मक कक्षा कोठासम्वन्धी चूनौती ।

५. गुरू योजना कार्यान्वयनसम्वन्धी चूनौती ।

६. शैद्धान्तिक ज्ञानको तुलनामा व्यवहारिक विषय वस्तुको अभाव र रोजकागरीको चूनौती ।

७. वैदेशिक शैक्षिक संस्थाहरू प्रति विद्यार्थीहरूको बढ्दो आकर्षणले युवाहरु विदेश पलायन हुनु ।

९.३ समस्या र चूनौतीहरूको समाधानका लागि गरिएका कार्यहरू (Mitigation Measures Taken to Address the Issues and Meet the Challenges)

क्याम्पसमा उठेका समस्या र चूनौतीहरू समाधान एवम् न्यूनिकरणका लागि गरिएका कार्यहरू निम्न अनुसार रहेका छन् :

१. निर्माणाधिन क्याम्पसको भवन निर्माण कार्य सम्पन्न गरेको ।

२. मङ्गल माध्यमिक विद्यालयसँग जग्गा भोकाधिकार प्राप्त गरेको ।

३. विश्वविद्यालय अनुदान आयोग र बागमती प्रदेश, सामाजिक विकास मन्त्रालयको अनुदानबाट पाँच तल्ले भवन फिनिसिङ गरि कक्षा सञ्चालन गर्न सफल ।

४. विश्वविद्यालय अनुदान आयोगको अनुदानबाट फर्निचरहरू र केही कम्प्यूटर, प्रिन्टर तथा प्रोजेक्टर एवम् फोटो कपी मेसिनको व्यवस्था गरेको ।

५. आर्थिक एवम् भौतिक सहयोगका लागि स्थानीय, प्रदेश तथा संघिय सरकार समक्ष प्रस्तावहरू पेश गरेको ।

६. विद्यार्थी भर्ना बढाउन शिक्षक व्यवस्थापन समितिमा छलफल गरी भर्ना अभियान गरेको ।

७. विषयगत शिक्षा समितिहरू गठन गरेको ।

१०. अवसरहरू(Opportunities)

१. स्थानीय लगायत अन्यले पनि रोजगारीको अवसरहरू पाउन सक्ने ।

२. बैदेशिक अध्ययनका लागि अवसरहरू श्रृजना हुने ।

३. उच्च शिक्षा हाशिल गर्न आधार तयार हुने ।

४. विद्यार्थीहरुले कम शुल्कमा गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्नु ।

५. क्याम्पसले भौतिक संरचना निर्माणको लागि स्थानीय, प्रदेश र संघिय सरकारमा पत्राचार गर्नु ।

६. UGC बाट शिक्षकहरको बृत्तिविकासको लागि विभिन्न तसहभागी हुने ।

७. कीर्तिपुर नगरपालिकामा नमुना सामुदायिक क्याम्पसको छवि भएको हुँदा राजगारीमा सहज हुनु ।

८. त्रि. वि. को केन्द्रीय विभागहरू सँग राम्रो सम्वन्ध भएको हुँदा त्यहाँको सुविधाहरु पनिप्राप्त गर्न सक्ने हुनु ।

९. विद्यार्थी शिक्षक, र अभिभावकहरूलाई कम आर्थिक भार पर्ने ।

१०. शिक्षकहरु अनुसन्धान कार्यमा संलग्न हुने र सो सम्बन्धी तालिममा सहभागी हुने ।

११. सीप तथा उद्यमशिलता सम्बन्धी नियमित तालिम हुने भए हुँदा राजगार प्राप्तमा सजिलो हुने ।

११. समस्या तथा चूनौतीहरू समाधान गर्न रणनीतिक योजना (Strategic Plan for Adressing the Issues and Challenges)

यस क्याम्पसलाई सक्षम र सवल बनाउँदै आगामी दिनहरूमा अझ सशक्त र उत्कृष्ट क्याम्पसको रूपमा स्थापित गर्दै लान निम्नअनुसार योजनाहरू तयार गरिएको व्यहोरा अनुरोध गर्न चाहन्छु ।

१. विद्यार्थीहरूलाई कक्षा कोठामा सहज बसाई गर्न तथा प्रशासनिक कार्यमा चुस्तता ल्याउन आवश्यक फर्निचरहरूको व्यवस्था गर्ने ।

२. भवन निर्माण कार्यलाई निरन्तरता दिँदै भवन निर्माण कार्य सम्पन्न गर्ने ।

३. वि. एड. मा सूचना तथा सञ्चार प्रविधि शिक्षा (ICT) का कक्षाहरू सञ्चालनका लागि त्रि. वि. संग अनुमतिका लागि प्रकृया अगाडि बढाउने ।

४. यस क्याम्पसमा सूचना सञ्चार तथा प्रविधि (ICT)को पूर्वाधार तयारीको लागि आवश्यक सामाग्रीहरूको व्यवस्था गर्ने ।

५. व्यवस्थापन संकाय तर्फ वि. वि. एस. कार्यक्रम वाहेक अन्य विषयहरू थप गर्दै जाने ।

६. आगामी वर्षदेखि अतिरिक्त कक्षाहरू सञ्चालन गरी लक्षित शैक्षिक उपलब्धि हासिल गर्ने ।

७. विद्यार्थीहरूलाई नियमित एवं भर्ना बृद्धि गर्न विद्यार्थी केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्ने ।

८. आगामी वर्ष क्याम्पसलाईQAAमा जान आवश्यक पूर्वाधारहरू तयार गर्ने ।

९. आमन्त्रित प्राध्यापकहरूद्वारा विविध विषयमा कक्षा लिने व्यवस्था मिलाउने ।

१०. मङ्गल फाउण्डेशनको स्थापना गर्ने ।

११. प्राध्यापक, कर्मचारी एवम् विद्यार्थीहरूको दक्षता अभिबृत्तिका लागि नन् क्रेडिट कोर्षको पाठ्क्रम तयार गरी सञ्चालन गर्ने ।

i) लघु अनुसन्धान तथा अनुसन्धानका कार्यहरू गर्ने गराउने ।

ii) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था संग सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।

iii) गोष्ठी तथा कार्यशाला गोष्ठीहरू आयोजना गर्ने ।

iv) स्वदेश तथा विदेशमा विद्यार्थी, प्रध्यापक आदान प्रदान कार्यक्रम गर्ने ।

v) कम्जोर विद्यार्थीहरूलाई अतिरिक्त कक्षाहरू सञ्चालन गर्ने ।

१२.वार्षिक कार्य योजना तथा वार्षिक बजेट (Annual Work Plan and Budget of Current Fiscal Year)

यस क्याम्पसको Strategic Plan अनुसार वार्षिक कार्य योजना तथा वार्षिक बजेट निम्न अनुसार रहेको छ ।

१२.१ २०८० सालको वार्षिक कार्य योजना

क्र.सं.	मिति	कार्यक्रम
१.	२०८० बैशाख १	नयाँ वर्ष
२.	२०८० बैशाख	नयाँ प्रथम वर्षको रजिष्ट्रेशन फारम भर्ने सूचना प्रकाशन
३.	२०८० बैशाख	नयाँ दोश्रो वर्षको कक्षा शुरू पुरानो दोश्रो वर्षको वार्षिक परीक्षा फाराम भर्ने
४.	२०८० जेठ	प्रथम वर्षको प्रथम त्रैमासिक र पुरानो दोश्रो वर्षको प्रिबोर्ड परीक्षा
५.	२०८० जेठ	चौथो वर्षको कक्षा सुरू तथा शिक्षकहरूका लागि रिशर्च सम्बन्धी तालिम
६.	२०८० असार	रिशर्च तालिमको रिपोर्ट UGCमा बुझाउने र अन्तर कक्षा कविता प्रतियोगिता गर्ने
७.	२०८० श्रावण	प्रथम वर्षलाई स्वागत तथा चौथो वर्षलाई विदाई
८.	२०८० भाद्र	प्रथम वर्षको दोश्रो त्रैमासिक, नयाँ दोश्रो वर्षको प्रथम त्रैमासिक र चौथो वर्षको प्रथम त्रैमासिक परीक्षा
९.	२०८० भाद्र	तेश्रो वर्षको कक्षा शुरू
१०	२०८० असोज	पहिलो हप्ता रिजल्ट वितरण तथा विद्यार्थी काउन्सेलिङ० र वक्तृत्व कला प्रतियोगिता
११.	२०८० असोज	दशैं, तिहार, न्हूदँ नेपाल सम्वत ११४४, छठ पर्वलगायत विभिन्न चाडपर्वको शुभकामना आदान प्रदान
१२.	२०८० असोज २८ देखि मंसिर ४ सम्म	दशै तिहार विदा, रिशर्च जर्नल प्रकाशनको लागि तयारी, २०८०/०८१ को लागि प्रथम वर्षमा नयाँ भर्ना अभियान,
१३.	२०८०मंसिर ५ गते	विदा पछि पूनः कक्षा शुरू
१४.	२०८० मंसिर	पहिलो हप्ता प्रथम वर्षको कक्षा प्रारम्भ साथै भर्ना निरन्तर, UGCमा नियमित अनुदान र योजना पेश गर्ने, BBS / B.Ed. प्रथम वर्षको अभिमूखिकरण
१५.	२०८० पौष	पहिलो हप्ता दोश्रो र चौथो वर्षको दोश्रो त्रैमासिक र तेश्रो वर्षको प्रथम त्रैमासिक परीषा

१६.	२०८०पौष	दोश्रो हप्ता खेलकुद सप्ताह र २१ देखि माघ १ गते सम्म जाडो विदा
१७.	२०८० मघ २ गते	जाडो विदा पछि पूनः कक्षा सञ्चालन चौथो वर्षको बोर्ड परीक्षा फाराम भर्ने
१८.	२०८० माघ दोश्रो हप्ता	BBS / B.Ed. चौथो वर्षको रिशर्च अभिमूखिकरण
१९.	२०८० फागुन	क्याम्पसको वार्षिक दिवश एवम् साधारण सभा, दोश्रो र चौथो वर्षको प्रिबोर्ड परीक्षा
२०.	२०८० चैत्र	दोश्रो र चौथो वर्षको प्रिबोर्ड परीक्षाको नतिजा प्रकाशन र कक्षा बन्द

१२.२ २०८१ सालको वार्षिक कार्य योजना

क्र.सं.	मिति	कार्यक्रम
१.	२०८१ बैशाख १	नयाँ वर्ष
२.	२०८१ बैशाख	नयाँ प्रथम वर्षको रजिष्ट्रेशन फारम भर्ने सूचना प्रकाशन
३.	२०८१ बैशाख	नयाँ दोश्रो वर्षको कक्षा शुरू पुरानो दोश्रो वर्षको वार्षिक परीक्षा फाराम भर्ने
४.	२०८१ जेठ	प्रथम वर्षको प्रथम त्रैमासिक र पुरानो दोश्रो वर्षको प्रिबोर्ड परीक्षा
५.	२०८१ जेठ	चौथो वर्षको कक्षा सुरू तथा शिक्षकहरूका लागि रिशर्च सम्बन्धी तालिम
६.	२०८१ असार	रिशर्च तालिमको रिपोर्ट UGCमा बुझाउने र अन्तर कक्षा कविता प्रतियोगिता गर्ने
७.	२०८१ श्रावण	प्रथम वर्षलाई स्वागत तथा चौथो वर्षलाई विदाई
८.	२०८१ भाद्र	प्रथम वर्षको दोश्रो त्रैमासिक, नयाँ दोश्रो वर्षको प्रथम त्रैमासिक र चौथो वर्षको प्रथम त्रैमासिक परीक्षा
९.	२०८१ भाद्र	तेश्रो वर्षको कक्षा शुरू
१०	२०८१ असोज (	पहिलो हप्ता रिजल्ट वितरण तथा विद्यार्थी काउन्सेलिङ० र वक्तृत्व कला प्रतियोगिता
११.	२०८१ असोज	दशैं, तिहार, न्हूदँ नेपाल सम्वत ११४४, छठ पर्वलगायत विभिन्न चाडपर्वको शुभकामना आदान प्रदान
१२.	२०८१ असोज २८ देखि मंसिर ४ सम्म	दशै तिहार विदा, रिशर्च जर्नल प्रकाशनको लागि तयारी, २०८०/०८१ को लागि प्रथम वर्षमा नयाँ भर्ना अभियान,
१३.	२०८१मंसिर ५ गते	विदा पछि पूनः कक्षा शुरू
१४.	२०८१ मंसिर	पहिलो हप्ता प्रथम वर्षको कक्षा प्रारम्भ साथै भर्ना निरन्तर, UGCमा नियमित अनुदान र योजना पेश गर्ने, BBS / B.Ed. प्रथम वर्षको अभिमूखिकरण

१५.	२०८१ पौष	पहिलो हप्ता दोश्रो र चौथो वर्षको दोश्रो त्रैमासिक र तेश्रो वर्षको प्रथम त्रैमासिक परीषा
१६.	२०८१पौष	दोश्रो हप्ता खेलकुद सप्ताह र २१ देखि माघ १ गते सम्म जाडो विदा
१७.	२०८१ मघ २ गते	जाडो विदा पछि पूनः कक्षा सञ्चालन चौथो वर्षको बोर्ड परीक्षा फाराम भर्ने
१८.	२०८१ माघ दोश्रो हप्ता	BBS / B.Ed. चौथो वर्षको रिशर्च अभिमूखिकरण
१९.	२०८१ फागुन	क्याम्पसको वार्षिक दिवश एवम् साधारण सभा, दोश्रो र चौथो वर्षको प्रिबोर्ड परीक्षा
२०.	२०८१ चैत्र	दोश्रो र चौथो वर्षको प्रिबोर्ड परीक्षाको नतिजा प्रकाशन र कक्षा बन्द

१२.३ २०८२ सालको वार्षिक कार्य योजना

क्र.सं.	मिति	कार्यक्रम
१.	२०८२ बैशाख १	नयाँ वर्ष
२.	२०८२ बैशाख	Field work and Project work Presentation by B.Ed and BBS 4th yr., Article writing workshop, Internal Exam पृथ्वी दिवश, प्रोजेक्ट मिट आयाजना बि.एड. तेश्रो वर्ष
३.	२०८२ बैशाख	Project Meet by B. Ed. 3rd Yr. , Teachers Meeting, विद्यार्थीका लागि पिकनिक,
४.	२०८२ जेठ	विश्व वातावरण दिवश बारे कार्यक्रम
५.	२०८२ जेठ	Essay Writing Competition, Teachers Meeting,
६.	२०८२ असार	Proposal Call for Mini Research, Poem Competition
७.	२०८२ श्रावण	Debate Competition, Internal Competition, Teachers Meeting
८.	२०८२ भाद्र	Suicide Prevention Awareness Programme, Teachers Meeting
९.	२०८२ भाद्र	नृत्य प्रतियोगिता
१०	२०८२ असोज	पहिलो हप्ता रिजल्ट वितरण तथा विद्यार्थी काउन्सेलिड० र वक्तृत्व कला प्रतियोगिता, शिक्षक बैठक
११.	२०८२ असोज	दशैं, तिहार, न्हूदँ नेपाल सम्वत ११४४, छठ पर्वलगायत विभिन्न चाडपर्वको शुभकामना आदान प्रदान
१२.	२०८२ असोज ५ देखि कार्तिक १० सम्म	दशै तिहार विदा, रिशर्च जर्नल प्रकाशनको लागि तयारी, कार्तिक ११ पुनः कक्षा सञ्चालन Oratory Competition, Teachers Meeting

१३.	२०८३ मंसिर	New Admission Campain, Teachers Meeting, Outreach and Extension Program
१४.	२०८३ पौष	Internal Exam, Education Tour, Research Orientation program for B.Ed. 4th Yr.,
१५.	२०८३ पौष	Teachers Meeting, Community Health Survey/ Field Visit
१६.	२०८३ मघ २ गते	सरस्वती पुजा, स्वगत तथा बिदाई कार्यक्रम, १२देखि १५ गते सम्म साप्ताहिक खेलकुद कार्यक्रम
१७.	२०८३ माघ दोश्रो हप्ता	शिक्षक बैठक
१८.	२०८३ फागुन	Blood Donation Program, Campus Day, Quiz Contest, Holi Celibration
१९.	२०८३ चैत्र	Internal Exam , Teachers Meeting

१३. Projected Annual Tentative Budget of the Three Fiscal Year Following the Current Fiscal Year

१३.१ आ. व. २०८०/०८१ को अनुमानीत वजेट

S.N	Heading	Amount	Amount(Rs)
	Revenue Expenditure (A)		
1	**Teacher/staffs Expenses**		60,00,000.00
2	**Office operating expenses:**		
	Advertisement	80,000.00	
	water and Electricity Charge	30,000.00	
	Tea expenditure for Teacher	100,000.00	
	Welcoming Guest	40,000.00	
	Loan pay to Mangal Sec. School	50,000.00	
	Stationary	60,000.00	
	Veda Guru campus Mobile Apps	50,000.00	5,10,000.00
3	**Exam & Registration**		
	Terminal Exam Expenditure	2,00,000.00	
	T.U. Registration Charge	60,000.00	
	TU Board Exam Fee	4,00,000.00	6,60,000.00
4	**Extra Activities Expenses**		
	Sports / Extra Curricular Activities		200,000.00
5	**Maintenance**		200,000.00
6	**Programme expenses**		
	Annual function	250,000.00	
	Develop Training for School teacher	500,000.00	7,50,000.00
7	**Research/ Journal Publish Expenses**		4,30,000.00

8	**Library Expenses**		3,00,000.00
9	**Scholarship Expenses**		150,000.00
	Total Revenue/ Operating Expenditure (A)		**92,00,000.00**
	Income (B)		
1	**Fee Income**		
	Admission/ tuition fee	70,00,000.00	
	Internal Exam fee	5,00,000.00	
	T.U. Board Exam fee	5,00,000.00	
	Registration fee	70,000.00	**80,70,000.00**
2	**Other Income**		
	Character Certificate fee	30,000.00	
	library & ID Card	5,500.00	
	interest from Banks	2,50,000.00	**2,85,000.00**
3	**Grant / Donation**		
	UGC Regular Grant	15,00,000.00	15,00,000.00
	Total Income		**98,55,000.00**
	Loss or profit from Budgeted Period (B-A)		**6,55,000.00**

१३.२ आ. व. २०८१/०८२ को अनुमानीत वजेट

S.N	Heading	Amount	Amount(Rs)
	Revenue Expenditure (A)		
1	**Teacher/staffs Expenses**		**70,00,000.00**
2	**Office operating expenses:**		
	Advertisement	90,000.00	
	water and Electricity Charge	40,000.00	
	Tea expenditure for Teacher	100,000.00	
	Welcoming Guest	50,000.00	
	Loan pay to Mangal Sec. School	50,000.00	
	Stationary	1,50,000.00	
	Veda Guru campus Mobile Apps	50,000.00	**4,50,000.00**
3	**Exam & Registration**		
	Terminal Exam Expenditure	3,00,000.00	
	T.U. Registration Charge	70,000.00	
	TU Board Exam Fee	4,50,000.00	**8,20,000.00**
4	**Extra Activities Expenses**		
	Sports / Extra Curricular Activities	200,000.00	**200,000.00**
5	**Maintenance**	200,000.00	**200,000.00**
6	**Programme expenses**		
	Annual function	250,000.00	
	Develop Training for School teacher	500,000.00	**7,50,000.00**
7	**Research/ Journal Publish Expenses**	4,30,000.00	**4,30,000.00**
8	**Library Expenses**	3,00,000.00	**3,00,000.00**
9	**Scholarship Expenses**	250,000.00	**250,000.00**

	Total Revenue/ Operating Expenditure (A)		**1,04,00,000.00**
	Income(B)		
1	**Fee Income**		
	Admission/ tuition fee	90,00,000.00	
	Internal Exam fee	5,50,000.00	
	T.U. Board Exam fee	5,00,000.00	
	Registration fee	80,000.00	**1,01,30,000.00**
2	**Other Income**		
	Character Certificate fee	30,000.00	
	library & ID Card	6,500.00	
	interest from Banks	2,50,000.00	**2,86,500.00**
3	**Grant / Donation**		
	UGC Regular Grant	15,00,000.00	**15,00,000.00**
	Total Income		**1,19,16,500.00**
	Loss or profit from Budgeted Period (B-A)		**15,16,500.00**

१३.२ आ. व. २०८२/०८३ को अनुमानीत वजेट

S.N	Heading	Amount	Amount(Rs)
	Revenue Expenditure (A)		
1	**Teacher/staffs Expenses**		77,50,000.00
2	**Office operating expenses:**		
	Advertisement	80,000.00	
	water and Electricity Charge	150000.00	
	Tea expenditure for Teacher	100000.00	
	Meeting Allowance	100000.00	
	Welcoming Guest	50,000.00	
	Loan pay to Mangal Sec. School	50,000.00	
	Stationary	150000.00	
	Loan refund to Mangal Sec. School	2,50000.00	
	Teacher Prize	30000.00	
	Sanitation	30000.00	
	Veda Guru campus Mobile Apps	50,000.00	**10,40,000.00**
3	**Exam & Registration**		
	Terminal Exam Expenditure	3,00,000.00	
	T.U. Registration Charge	1,00,000.00	
	TU Board Exam Fee	5,56,000.00	**9,56,000.00**
4	**Training aand Facultyn Development**		
	Training and Guest Lecture	1,50,000.00	
	Faculty Member Development	2,00,000.00	3,50,000.00
5	**Extra Activities Expenses**		

	Sports / Extra Curricular Activities	**1,00,000.00**	**1,00,000.00**
6	**Maintenance**	**2,50,000.00**	**2,50,000.00**
7	**Programme expenses**		
	Annual function and General Assembly	5,00,000.00	
	Develop Training for School teacher	5,00,000.00	10,00,000.00
8	**Research/ Journal Publish Expenses**	5,00,000.00	5,00,000.00
9	**Library Expenses**	75,000.00	75,000.00
10	**Scholarship Expenses**	7,00,000.00	7,00,000.00
11	Toilet constrution	10,00,000.00	10,00,000.00
12	Furniture	6,00,000.00	6,00,000.00
13	Mangal Campus LMS	1,05,000.00	1,05,000.00
14	Extension outritch program CBP	50,000.00	50,000.00
15	M. R. J. Publish and Mini research	5,00,000.00	5,00,000.00
	Total Revenue/ Operating Expenditure (A)		**1,49,76,000.00**
1	**Income**		
	Admission/ tuition fee	95,98,000	
	Internal Exam fee	645000.00	
	T.U. Board Exam fee	550000.00	
	Registration fee	80000.00	**1,08,73,000.00**
3	**Other Income**		
	Character Certificate fee	60000.00	
	library & ID Card	13000.00	
	interest from Banks	200000.00	**2,73,000.00**
3	**Grant / Donation**		
	UGC Grant	28,30,000.00	
	Toilet construction grant Grant, ward no.10	1000000.00	**38,30,000.00**
	Total Income		**1,49,76,000.00**
	Loss or profit from Budgeted Period (B-A)		**00.00**